स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



हिमाल आरोहणमा रुचि भएकी अभिनेत्री दीया पुनले अफ्रिका महादेशकै सबैभन्दा अग्लो हिमाल किलिमन्जारो चढ्ने भएकी छन् । त्यसका लागि उनी अफ्रिका पुगेर किलिमन्जारोको आधार शिविरतर्फ लागेकी छन् । उनी यही साउन २७ गते उक्त हिमाल चढ्ने योजनामा छिन् । तान्जानियामा अवस्थित हिमाल समुन्द्री सतहबाट ५ हजार ८९५ मिटर अर्थात् १९ हजार ३४१ फिटमा रहेको छ । दीयाले अघिल्लो वर्षको जेठमा विश्वकै सबैभन्दा अग्लो हिमाल सगरमाथाको सफलतापूर्वक आरोहण गरेकी थिइन् ।

**आजको विचार...**



धनविक्रम सिंह

दलीय...
(दुई पेजमा)



अभिनेत्री गरिमा पन्त दोस्रो पटक आमा बनेकी छन् । दुई वर्षअघि पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी उनलाई दोस्रो सन्तान पनि छोरी नै भएको छ । उनले दुई छोरीको तस्विर सामाजिक सञ्जालमा सेअर गर्दै खुसी साटेकी छन् । गरिमाले आइतबार बेल्जियमको अस्पतालमा छोरीलाई जन्म दिएको जानकारी प्राप्त छ । पहिलो छोरी पनि उनले बेल्जियममा नै जन्म दिएकी थिइन् । २०७३ सालमा बेल्जियम बस्ने हरि थपलियासँग विवाह बन्धनमा बाँधिएपछि गरिमाले फिल्मबाट दूरी बनाएकी छन् । उनले फिल्ममा काम नगरेको ७ वर्षभन्दा बढी भैसकेको छ ।

❒ वर्ष २९ ❒ अंक २४ ❒ २०८० साउन २४ गते बुधबार 9 August 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### रोल्पामा बस दुर्घटना हुँदा चार जनाको मृत्यु

**रोल्पा,** साउन २३/रोल्पामा बस दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । दुर्घटनामा १९ यात्रु घाइते भएका छन् । मत्यु हुनेमा तीन पुरुष र एक महिला छन् । रोल्पाको परिवर्तन गाउँपालिका वाग्माराबाट दाङको घोराहीका लागि छुटेको ना ५ ख २६१२ नं को बस त्रिवेणी गाउँपालिका-७ तिला रीचिमा दुर्घटना भएको हो । मृत्यु हुनेमा रोल्पाको माडी गाउँपालिकाका २२ वर्षीय प्रकाश बाँठा, माडी-४ का ५० वर्षीय गोरख डाँगी र उनकी श्रीमती ४५ वर्षीया हस्ता डाँगी र परिवर्तन-३ का ४६ वर्षीय भक्त विक रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रकाश भुसालले जानकारी दिए । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर छ । बस सडकदेखि करिब एक सय ५० मिटर तल खसेको सूचना अधिकारी भुसालले बताए । दुर्घटनामा परी घाइते हुनेमा रोल्पाको माडी-६ का १४ वर्षीय नवीन बुढा, वडा नं ७ का ६२ वर्षीय कमानसिंह सुनार, रोल्पा नगरपालिका-६ दार्वोटका २५ वर्षीय कमानसिंह घर्तीमगर र माडी-४ का ९ वर्षीय मिलन डाँगी छन् । अन्य घाइतेमा माडी-६ कोर्चवाङका १५ वर्षीय मुकेश पुन, माडी-२ का २० वर्षीय जितेस बाँठा, सोही ठाउँका २३ वर्षीया हिमानी घर्तीमगर र उनका ११ महिनाको छोरा ओल्सन छन् । अन्य घाइतेमा माडी-४ का ३३ वर्षीया कविता खड्का र उनको पाँच वर्षको छोरा युस, माडी-४ का २६ वर्षीया मीना डाँगी तथा माडी-२ का २८ वर्षीया त्रिपना बाँठामगर छन् । यस्तै उक्त दुर्घटनामा परी घाइते हुने अन्यमा परिवर्तन-३ का २४ वर्षीय खुम्बु बुढामगर, त्रिवेणी-२ नुवागाउँका १७ वर्षीया पूर्णिमा बुढामगर, सोही ठाउँका १३ वर्षीया सुस्मिता बुढामगर, माडी-२ घर्तीगाउँका ४० वर्षीया बिर्जना घर्तीमगर र २४ वर्षीय कमल खड्का, रोल्पा नगरपालिका-६ दारबोटका २४ वर्षीय ईन्द्रकुमार घर्तीमगर तथा दाङको घोराही उपमहानगरपालिका-१२ हापुरका २४ वर्षीय चालक हुमराज बस्नेत रहेका छन् । *-रासस*

# ज्येष्ठ नागरिकको अनुभव : स्थानीय सरकार नै जनताको सरकार

रासस



**रामपुर (पाल्पा),** साउन २३/गाउँमै आफूलाई आवश्यक पर्ने सेवा पाएपछि ८० वर्षीय सन्तबहादुर विक हर्षित छन् । बुढ्यौलीमा लौरो टेकेर हसिलो मुद्रामा आफ्ना साथीहरु, छिमेकीसँग मनका दुःख सुख पोख्दै अहिलेका परिवर्तनका कुराहरु साटासाट गर्छन् ।

रामपुर नगरपालिका-२ अत्रवासका विक सामाजिक सुरक्षा भत्ता, परिचयपत्र नवीकरण, स्वास्थ्य परीक्षण तथा औषद्योपचार सेवा पाएपछि उनलाई स्थानीय सरकार नै जनताको सरकार भएको बताउँछन् । "उमेरले डाँडापारीको घाम बनेका हामी ज्येष्ठ नागरिकलाई स्थानीय सरकारले गाउँघरमा नै आएर सबै सेवा दिन थालेपछि धेरै सुविधा पुगेको छ", उनले भने, "ज्येष्ठ नागरिक भत्ताको नवीकरण गर्ने, स्वास्थ्य परीक्षण गर्ने, औषद्योपचार कसरी गर्ने भन्ने अहिले पिरलो छैन ।" उनी बिरामी भएका बखत पनि धेरै पटक स्वास्थ्य संस्थामा आउने जाने समस्याले उपचार नगरिकन बसे । बुढ्यौली लागेको शरीर, त्यसैमाथि बिरामी परेपछि हिँडेर स्वास्थ्य संस्थामा जाने तागत नहुँदा धेरै पटक घरमै तातोपानीको भरमा बस्नुपरेको अनुभव सुनाए । हिजोआज गाउँमै निःशुल्क स्वास्थ्योपचार, औषधि सेवा पाउँदा दम, खोकी, रिङ्गटा लाग्नेजस्ता रोगबाट लडेर बस्नु नपरेको उनी बताउँछन् ।

वर्षायामका बेला ग्रामीण सडक ठाउँ-ठाउँमा बन्द हुँदा घण्टौं समय लगाएर हिँडेर सम्बन्धित कार्यालयमा पुगेर सेवा लिन अप्ठ्यारो परेकाले गाउँबाटै सबै सेवा पाउँदा ७० वर्षीया मनकुमारी विक खुसी छिन् । "हामी पढाइलेखाइ नभएका ज्येष्ठ नागरिकलाई कति बेला भत्ता बुझ्ने कागजपत्र नवीकरण गर्ने केही थाहा हुँदैन, वडा कार्यालयबाट समय भएपछि आफैँ बुझेर आएर सबै काम गरिदिनुभएको छ, भत्ता बुझ्ने समय मात्रै बैंकमा जाने गरिएको छ, स्वास्थ्य जाँच गरेर औषधि ल्याएर नियमित सेवन गर्न थालिएको छ", उनले भनिन् । गाउँमा बेला-बेलामा स्वास्थ्य परीक्षण, औषधि वितरण हुने भएपछि टाउको दुखेका, ज्वरो आएको, रुघाखोकी, दम, झाडापखला, सुगर, प्रेसरजस्ता रोग नियमित परीक्षण गराउन थालेको मनकुमारीले बताइन् । ज्येष्ठ नागरिकले स्वास्थ्य परीक्षण सेवा गाउँगाउँमा दिन थालेपछि नियमित स्वास्थ्य जाँच गराउने, आफ्ना समस्या स्वास्थ्यकर्मी समक्ष राख्ने, नियमित औषधि सेवन गर्न थालेका छन् । यस कार्यले ज्येष्ठ नागरिक आफ्नो स्वास्थ्यप्रति पहिलाभन्दा धेरै सहज हुन थालेका छन् । ज्येष्ठ नागरिक शारीरिकरुपमा अशक्त हुन्छन्, ढल्कँदो उमेरमा गाउँमै पुगेर सेवा दिनु स्थानीय सरकारको दायित्व भएकाले सोहीअनुसार दुर्गम, विकट, अपायक पर्ने स्थानमा पुगेर विविध सेवा दिने गरेको रामपुर-२ का वडाध्यक्ष कृष्णबहादुर दर्जी बताउँछन् ।

स्वास्थ्योपचार, सामाजिक सुरक्षा भत्ता, परिचयपत्र नवीकरण लगायतका सेवा लिन वडाकै स्वास्थ्य संस्था तथा वडा कार्यालयमा आवतजावत गर्न सहज छैन । उमेरले बुढ्यौलीमा टेकेका ज्येष्ठ नागरिकलाई वर्षायामका बेला गाउँका कच्ची सडक भत्कने, पहिरो खस्ने समस्याले यात्रा गर्न कठिन छ । यस परिवेशमा कार्यालयले दुर्गम, विकट ठाउँमा गाउँघरमा नै पुगेर सेवा दिन थालेपछि ज्येष्ठ नागरिकलाई स्वास्थ्योपचार, सामाजिक सुरक्षा भत्ता, परिचयपत्र नवीकरण लगायतका विभिन्न सेवा लिन सम्बन्धित संस्थामा घण्टौं समय खर्चेर जानु नपरेको रामपुर २ का वडा सचिव वासुदेव ढकालले बताए । रामपुर नगरपालिकाले वडाभित्रका दुर्गम बस्तीमा बसोबास गर्ने नागरिकलाई गाउँमै पुगेर सेवा दिन थालेपछि धेरै सजिलो भएको छ । सम्बन्धित वडाका कर्मचारी, जनप्रतिनिधिले समय समयमा नै वडा कार्यालय तथा नगरपालिका कार्यालयको पहुँचमा नभएका, आउनजान निकै झमेला गर्नुपर्ने, सडक सहज नभएका ठाउँमा घरदैलो सेवा दिने गरेको नगर प्रमुख रमणबहादुर थापा बताउँछन् । दुर्गम भेगमा परेका बस्ती, टोलमा बेला-बेलामा घुम्ती शिविर आयोजना गरेर ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण, सामाजिक सुरक्षा भत्ता, परिचयपत्र नवीकरण, अपाङ्गता परिचय नयाँ दर्ता तथा नवीकरण, कृषि तथा पशु स्वास्थ्य शिविरलगायतका विभिन्न सेवा प्रवाह भइरहेको नगर प्रमुख थापाले बताए । घुम्ती शिविरले अशक्त, ज्येष्ठ नागरिक, अपाङ्गता, बालबालिका लगायतका व्यक्तिलाई धेरै सहज बनाएको छ ।

रामपुर नगरपालिकाको कार्यालय, वडा कार्यालयमा एक दिनको समय बिताएर सेवा लिन बाध्य नागरिकलाई गाउँ-गाउँमा हुने घुम्ती सेवा शिविरले धेरै राहत पुर्याएको छ । गाउँमै सेवा पाइने भएपछि समय बचत, सम्बन्धित कार्यालयमा सेवा लिन आवतजावत गर्दा यातायात खर्च लगायतका विभिन्न समस्या बेहोर्नु नपरेपछि स्थानीयले घुम्ती सेवा शिविरमार्फत धेरै लाभ लिन पाउने छन् । घुम्ती सेवा शिविरमा स्थानीयको आकर्षण बढ्दो छ ।

## सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना

पाल्पा उद्योग वाणिज्य संघको सदस्यता लिनु भएका सम्पूर्ण सदस्यहरुलाई आ.व. २०८०/०८१ को आफ्नो सदस्यता नवीकरण यही २०८० आश्विन मसान्त भित्र गर्नु हुन अनुरोध गरिन्छ । सो अवधी पछि नविकरण गर्नको लागि विधान बमोजिम विलम्ब शुल्क रु.२५ लाग्नेछ । २०८० चैत्र मसान्तसम्म पनि सदस्यता नवीकरण नभएमा विधान बमोजिम सदस्यता खारेज हुने व्यहोरा जानकारी गराइन्छ ।

सदस्यता नवीकरण शुल्क तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| साधारण सदस्यको लागि | रु.७७५।- |
| एशोसियट सदस्यको लागि | रु.१४००।- |
| वस्तुगत सदस्यको लागि | रु.१९००।- |

**अनुरोधक**

**पाल्पा उद्योग वाणिज्य संघ**
**भगवतीस्थान, तानसेन, पाल्पा**
सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४
मोवाइल नं. : ९८५७०६८३२५
ईमेल : palpachamber@gmail.com

# आज राष्ट्रिय भू-संरक्षण दिवस मनाइदैं

**पाल्पा,** साउन २३/आज राष्ट्रिय भू-संरक्षण दिवस मनाइदैं छ । नेपालमा हरेक वर्ष श्रावण महिनाको २४ गते राष्ट्रिय भू-संरक्षण दिवस मनाउने गरिन्छ ।

बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउन एवं भूक्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले वि.सं. २०३१ साल श्रावण २४ गते भू तथा जलाधार संरक्षण विभाग स्थापना भएको सम्झना स्वरुप यस दिवसको सुरुवात भएको हो । विभागको स्थापना सँगै जिल्ला स्तरमा भू-संरक्षण कार्यालय स्थापना गरी सेवा प्रवाह सुरु गरिएको थियो । साल २०३१ पछि विभाग स्थापना




भएको दिन श्रावण २४ गतेलाई "भू-संरक्षण दिवस" को रूपमा मनाउने गरिएको पाइन्छ ।

नेपालको भूभाग मध्य कृषि क्षेत्रले २७ प्रतिशत र वन तथा बुट्यान क्षेत्रले ४४ प्रतिशत भूभाग ओगटेको नेपालको राष्ट्रिय भू संरक्षण नीति २०७५ मा उल्लेख छ । हाल आएर भू उपयोगको ढाँचामा तीव्र परिवर्तन आइरहेको छ । अव्यवस्थित प्लटिङ र भौतिक संरचनाहरूको अनर्गल निर्माणले खेतीयोग्य जमिनमा कमी आइरहेको छ । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणले नेपाल उच्च जोखिममा रहेको छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावहरूबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या बेहोर्नु परेको छ । हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकूलित हुने दायित्व सृजना गरी मुलुकको समष्टिगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण र भूमि संरक्षण गर्नुपर्ने देखिन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मुलुकको राजनैतिक अवस्था : हाम्रो दायित्व

हाम्रा धार्मिक चाडपर्वहरु हामी सबैका आँगनमा तछाड मछाड गरेर आउँदैछन् । बर्षायामसँगै अहिले जतातते हरियालीमयी प्रकृतिको मनोरम आनन्दमयी वातावरण निर्माण भइरहेका बेला मानो रोपेर मुरी उब्जाउने चटारोसँगै मुलुक निर्माण गर्ने जिम्मेवार निकायहरु अहिले गैर राजनैतिक चरित्रको शिकार भएका छन् । राजनैतिक भाषण अनि मञ्च प्राप्त गर्ने होडवाजीले मुलुकको आर्थिक, समाजिक र राजनैतिक अवस्थामा गम्भीर खलल पुगेको स्थिति छ । नेपाल र नेपालीका गौरवका गाथाहरु अलमलमा परेको अनुभूति हुन थालेको छ । देश आर्थिक संकटको शिकार हुने खतरा दिन प्रतिदिन बढिरहको अवस्था प्रति हामी र हाम्रो सरकार अनि सरकार चलाउने राजनैतिक दलहरु सचेत र गम्भीर हुन सकेनन् ।

राजनीतिका नाममा अराजनैतिक चरित्रको विकास अनि गैरराजनैतिक स्वभावले गर्दा मुलुकमा केही पैसावाला र अनियमितता गर्ने बानी परेकाहरुको हातमा मात्रै शक्ति केन्द्रहरु रहेका कारण जनतामा नैरास्यता र अलमलको वातावरण निर्माण भइरहेको देख्दा युवा र केही नेपालमै गरौं भन्ने मनसाय भएका नागरिकहरुमा चिन्ता बढेको आभास हुन्छ । यस्ता क्रियाकलापले नेता भनेका भ्रष्टाचारमा रमाउने प्रवृतिका हुन्छन् या नेपालको राजनैतिक वृत अनियमितताको दलदलबाट बाहिरिन सकेन भन्ने गुनासाहरु पर्याप्त मात्रामा अगाडि आएका छन् । यस्ता तमाम समस्याहरुका निराकरणतर्फ ध्यान दिने भन्दा पनि गैरराजनैतिक चरित्रले गर्दा मुलुकका पुराना पार्टीहरुका नयाँ पुस्ता सक्रिय र जोसिलो देखिदैनन् । दिन दहाडै, सुन तस्करी अनि गैरकानुनी कामले प्रशय पाइरहदा अनुसन्धानले गलत सावित गरेकाहरु पनि कतिपय पावर र सत्ताको दम्वमा कानुनको दायरामा ल्याउँन नसक्नु आफैमा अत्यान्तै गम्भीर समस्याहरु हुन् । संस्थागत अपराधका घटनामा परिवर्तनकारी र क्रन्तिकारी पार्टीका नेताहरु समावेश हुनु आफैमा अत्यान्तै दुःखद् पक्ष हो । त्यसकारण भ्रष्टहरुलाई कार्यवाही नहुँदासम्म गैरभ्रष्टहरुले सहन नसक्ने भएका कारण यो समस्याको सही र समयमा समाधान खोज्नु नै वर्तमान सरकारको हो । गल्तीलाई ढाँक छोप नगरी निष्पक्ष रुपमा छानवीन गरी दोषीलाई कार्यवाही हुनु तितान्त आवश्यक छ । यति नगर्दा सम्म मुलुक कहिल्यै पनि विकासको गतिमा अगाडि बढ्न सक्दैन ।

## Opinion @ Social Network

गल्ती नै गर्नु पर्छ भन्ने छैन, जब मन भरिन्छ नि,
मान्छेहरु त्यसै टाढिन सुरु गर्छन् ।
*(शोभा थापाको फेसबुक स्टाटसबाट www.facebook.com//shova.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दलीय खिचातानीको चपेटामा प्रदेश सरकार



धनविक्रम सिंह

सम्वत् २०१३ सालदेखि नै देह विकासका लागि पञ्चवर्षीय योजना लागू भइ यसले ३० वर्षे पञ्चायत काल पार गर्दै हाल १६औं पञ्चवर्षीय योजना लागू गर्न प्रारूप तयार पारिसकिएको छ । विकासमा क्षेत्रीय सन्तुलन कायम राख्दै सामानुपातिक रूपले विकास गर्न नेपालको भूगोलसँग डा.हर्क गुरुङ जस्ता भूगोलवेत्ता र योजनाकारलाई आव २०२५/०२६ मा योजना आयोगको उपाध्यक्षमा नियुक्त गरिएको थियो । त्यसैले त्यस बेलाको अति दुर्गम भोक रोग र अशिक्षाले अस्तव्यस्त अवस्थामा रहेका जनतालाई विकासको न्यानो किरण पुऱ्याई ब्युँताउने सपनाले पछि चारबाट पाँच विकास क्षेत्र बनाएका थिए । उक्त अवधारणालाई अनुशरण गर्न पाँचवटा विकास क्षेत्र त स्थापना भए तर अधिकार जति केन्द्रमै बसिरहे पूर्णरूपेण प्रत्यायोजन भएन । निर्दलीय व्यवस्थाले परिकल्पना गरेको सपना पञ्च र प्रशासकहरूले साकार हुन दिएनन् । जनआकांक्षा पूरा गर्न नसक्ने व्यवस्थालाई जनता (सुप्रिमो)ले धेरै समय सहन नसकेर फालिदिए । निर्दलीय व्यवस्थाको अवसानपछि बहुदलीय व्यवस्था बडो उत्साह उमंगकासाथ स्थापित भयो तर कार्यपद्धति उही पुरानै लागु गरियो । गाउँ पञ्चायतलाई गाउँ विकास समितिमा परिणत, जिल्ला पञ्चायतलाई जिल्ला विकास समिति र राष्ट्रिय पञ्चायतलाई प्रतिनिधिसभा भनियो ।

त्यस्तै विकासतर्फ पञ्चायतले बनाएको पाँच विकास क्षेत्रलाई नै अनुशरण गरी काम सुरु गरे । ती पुरानै संरचनालाई नाम फेरेर पुरानै परिपाटीमा काम गर्दा देशनिर्माणमा केही पनि सकारात्मक सन्देश दिन सकेन । अर्को अहम कुरो केही नेताहरूमा व्यक्तिवादी चरित्र र अहमले गर्दा अरूलाई नगन्ने र तिनको चाहनामा व्यवधान खडा गर्नेलाई जस्तोसुकै हतकण्डा लाएर किनारा लाउने प्रवृतिले गर्दा देशविकासको राजनीति दलभित्रै अल्भेर फन्को लाउन थाल्यो । आफ्नै दलभित्र र अन्तर्दलीय सहमति जुट्न जुटाउन नसकेर राजसंस्थाले दाउ मारेर आफ्नो अधिनायकबादी शासन लागु गरिदिए । यो त बाँदरको हातमा नरिवल पर्दाको अवस्था जस्तै भयो । दलहरू एकअर्काको मुख हेर्न थाले । तत्कालका लागि किंकर्त्तव्यबिमुढ भैं हुन पुगे । पुनः ठूलो बलिदान र परिश्रमका साथ राजसंस्थालाई जरैदेखि उखेलेर फाली संघीय ढाँचाको लोकतन्त्रात्मक गणतन्त्र लागू गरिएको छ । विगतको तितो अनुभवले साबित गरिदियो कि केन्द्रीकृत शासन व्यवस्थाले पञ्चायत काल न बहुदलवाद कालमा सामानुपातिक रूपको क्षेत्रीय विकासको अबधारणालाई साकार पार्न सकिँदो रहेनछ । यही तीतो सत्यलाई आत्मसात गरी जबसम्म भुँईतहमै अधिकारसहितको जिम्मेबारी दिइन्न भुँइ तहमा विकास फष्टाउन सक्दैन । त्यसैले संविधान बनाउँदा नै सात प्रदेश र सात सय त्रिपन्न स्थानीय तहमा विभाजन गरी संघीय ढाँचामा मुलुकलाई परिणत गरिएको छ । तर, अहिले पनि दुई पाँच वर्षे कार्यकाल प्रारम्भ भइसक्दा पनि देशनिर्माणको कामले सही गोरेटो समात्न सकेको देखिँदैन । विकास भनेको कुरा मुखले बोलेरमात्र हुने कुरा होइन, के कामलाई प्राथमिकताका साथ अगाडि बढाउँदै लाने र कुन काम अहिले रोकेर पछि गर्दा स्थनीय जनसमुदाय सबैको हित हुने भिजन प्रयोग गरी काममा अग्रसरता लिँदै जानुपर्छ । हामी जस्तो स्रोतसाधनको कमीबाटै देशनिर्माण गर्नुपर्ने भएर गर्नुपर्ने काममा प्राथमिकता निर्धारण गरेर अगाडि बढ्नुपर्छ । त्यही सकारात्मक परिणाम हासिल गर्न योजना आयोग जस्ता एडभाइजरी कमिसन स्थापित गरिएको छ । अहिले योजना आयोगले १६औं पञ्चवर्षीय योजना बनाएर सरकारमा पेश गरिसकेको छ । अहिले संघीयताले स्थानीय तहलाई काम गर्न र स्थानीय स्तरबाटै प्राप्त हुन सक्ने आम्दानीको जोहो गरी र संघबाट प्राप्त हुने अनुदानबाट स्थानीय स्तरको बिकास निर्माणको काम गर्ने अभिभारा पाएको छ । आफ्नो गाउँ इलाका आफैँ बनाउन पाएको अधिकारले अपनत्व बढाउँछ काम गर्ने जाँगर पनि बढ्छ । यसको अर्थ जथाभावी काम गर्ने हुँदैन । विकास निर्माणको क्रममा प्राकृतिक सम्पदा चलाउनु पर्दा तत्सम्बन्धी विषय जानकार प्राबिधिकको सल्लाह सहयोग लिई ध्यान दिई सावधानीपूर्वक काम गर्नुपर्छ । अन्यथा प्राकृतिक विपत उत्पन्न भई विकासको सट्टा विनाशले वितण्डा मच्चाउँदा विनाशलाई रोकथाम गरी सच्च्याउनमा समय श्रम र धन खेर जान्छ । विगतमा यस्ता दुष्परिणाम भोग्नुपरेको हामीसँग ताजा अनुभव छन् ।

विगतका यिनै तीता अनुभबले गर्दा क्षेत्रीय र प्रादेशिक विकासको किरण गुफा र कन्दरासम्म पुऱ्याउन तीन तहको संघीयताको ढाँचा ल्याइएको छ । व्यवहारमा अहिले भइरहेको राजनीतिक दाउपेच र खिचातानीले काम गर्ने वातावरण बन्ने छाँटकाट देखिँदैन । कस्को शक्ति कति छ र शक्ति प्रयोग गरी जस्तासुकै हतकण्डा लाएर विजय हात पार्ने गरिएको छ । कोशी प्रदेशमा सत्ताका लागि भएको नाटक मञ्चन बडो निराशाजनक जनताले बोध गरे । नियमतः तटस्थ सभामुख पद पदीय मर्यादाको कुनै पर्बाहै नगरी केन्द्रीय सत्ताको हितमा कोरम पुऱ्याउन आफ्नो बाबुराम गौतमले सही गरिदिनु बडो नियमविपरीत हो । अदालतमा रिट परी सर्बोच्चले उक्त सही नियमविपरीत भनी बदर गरिदिँदा सो निर्माण भएको सरकार ढल्यो । त्यसपछि सभामुखलाई बाई फोर्स राजीनामा गर्न लाएर कोरम पुऱ्याएर केन्द्रीय सत्ताधारी दल नेपाली कांग्रेसका उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्त गरिछाडे र प्रतिपक्ष दलका मुख्यमन्त्रीलाई किनारा लाइछाडे । अहिले पनि अधिनायकबादी चरित्र हाबी भई रहनु संघीयता धराशायी बनाउनुको नराम्रो लक्षण देखापर्दैछ । एक अर्का दलको अस्तित्व स्वीकार्न नसक्नु, सहकार्यको भावना लेस मात्र पनि नहुनु यस्तामा बहुलवाद र संघीयता कसरी फष्टाउन सक्छ ? सांसदहरूको काम कर्तब्य नीतिनिर्माण गर्ने, समाजलाई र मुलुकलाई आवश्यक परेको नियम कानुन तर्जुमा गर्ने हो, विकासको काम गर्ने होइन । काम गर्न त तीन तहको सरकार अन्तर्गतका सांगठनिक निकायहरू छन् तर सांसदले व्यक्तिगत लाभ प्राप्त गर्न आफ्नो निर्वाचन क्षेत्रमा विकासको काम गर्न भनी प्रत्येक संघीय सांसदले पाँच करोडका दरले अनेक दबाब सिर्जना गरेर आव ०८०/०८१ को बजेटमा राख्न लगाएका छन् । यसको देखासिकी गरेर सुदुरपश्चिम प्रदेशका सभासदले पनि संघजस्तै प्रत्येक सांसदलाई पाँच करोड बजेटमा विनियोजन नगरेसम्म बजेट पास गर्न दिएका थिएनन् ।

विकास भनेको कुरा सुदूर भविष्य समेतलाई ध्यानमा राखी समाज र राज्यको वर्तमान अवस्थामा क्रमिक सुधार ल्याउँदै प्रतिव्यक्ति आय बढोत्तरी गरी जनजीवन सहज र सुलभ तुल्याउनु हो । यही उद्देश्य प्राप्तिका लागि आबधिक र वार्षिक योजनाहरू तार्जुमा गरी ती योजनाहरूको संगालोलाई निर्धारित क्रमबद्धता अनुसार बडो सावधानीपूर्वक नियोजित रूपले सम्पन्न गरी विकासको सपना साकार पार्ने अभिभारा सम्बन्धित परियोजना कार्यालय, गा.पा.,न.पा., वडा कार्यालय आदिलाई नियम कानुनले सुम्पिएकै छ भने संघीय सांसद र प्रदेश सांसद त्यो पाँच करोड रकमले खोलाखोल्सीमा अमुक रकम खर्च गरेर बाँध बाँधेको त हो तर यसपालिको बाढीले बगाइदियो भनेर बिल पेश गर्ने हो अथवा हिसाबमात्र देखाइदिने हो ? मुलुकको आर्थिक अवस्था दयनीय स्थितिमा रहेको अर्थविज्ञहरूले जनाइरहेका छन् । यसलाई सुधार गर्न अनेक उपायहरू अख्तियार गर्नुपर्नु हुन्छ । सर्वप्रथम सांसदलाई दिइएको पाँच करोड रकम दिन बन्द गर्नुपर्छ । सांसदमा भइरहेको दोहरो तेहरो खर्चलाई पुनरावलोकन गरी घरभाडा, बैठकभत्ता र ट्याक्सीभाडा आदिमध्येमा दिनैपर्ने आवश्यकमात्र दिने नियम कानुन संशोधन गर्नुपर्छ । प्रक्षेपण गरिए अनुसारको राजस्व संकलन किन हुन सकिरहेको छैन । कहाँ कहाँ प्वाल पर्न गएको छ पत्ता लगाई प्वाल पार्नेलाई दण्डसजाय गर्दै ती प्वालहरू राम्ररी टालीहाल्ने काम तुरुन्त गरिहाल्नुपर्छ । कृषि उत्पादन बढाई खाद्यान्न आयात घटाउँदै लैजानुपर्छ । यसका लागि बाँभो खेतबारी पुनर्स्थापित गरी खेती गर्न गराउन सरकारबाट केही प्रोत्साहन कार्यक्रम ल्याई उत्साहित पार्नुपर्दछ । गैह्र कृषि क्षेत्रमा पनि उत्पादन बढाउने सम्भाव्य क्षेत्र पहिल्याई कार्यक्रम लागू गरी निर्यात प्रोत्साहन गर्नुपर्दछ । खर्च कटौतीतर्फ पनि अचेल निकै बहस चल्ने गरेको सुनिन्छ । रास्वपा र एमालेका केही सांसदहरूले सेनामा हाल मौजुदा दरबन्दी कटौती गरी चालु खर्च घटाउने त्यस्तै राजसभा पनि काम छैन नराखे हुन्छ भन्ने राय सार्वजनिक भइरहेको छ । यो विचार सर्वथा प्रायोजित जस्तो भान हुन्छ किनभने सेना कुनै पनि देशका लागि प्रतिरक्षात्मक पर्खाल हो । बाफय आक्रमण र अवान्छित गतिविधिबाट जोगाउने काम सेनाले गर्दछ । मुलुकभित्रै र विश्वमा स्थापित नेपाली सेनाको ख्याति संसारले सराहना गरेको कुरा बिर्सिनुहुँदैन । त्यसैले सेनाको संख्या घटाउनु बेतुक र बेमौसमी कुरा भइरहेको छ । त्यस्तै संसदीय व्यवस्थामा दुई सदनात्मक व्यवस्था यस निम्ति सर्वस्वीकार्य मानिएको छ कि यसमा बौद्धिक र विषय पारंगत व्यक्ति रहने व्यव्यस्था गरिएको छ । राजनीतिक र विषयगत ज्ञानको मन्थनले विशेष क्रिम निस्कने हुनाले यसको उपस्थिति अपरिहार्य मानिएको छ । बरू संघीयता लागु भएदेखि नै मुलुकको वार्षिक चालु खर्च पुँजीगत खर्चको दाँजोमा चौगुनाले वृद्धि भइरहेको छ । हाम्रो बजेट विनियोजन घाटा परिपूर्तिको सिद्धान्तमा आधारित भई तर्जुमा गरिन्छ जसलाई सर्वथा नराम्रो भन्न नमिल्ने भए पनि सर्वथा ग्राह्य चाँहि हुँदैन । किनभने यो घाटा बजेट पूरा गर्न आन्तरिक र बाफय ऋण काढ्नुपर्ने हुन्छ ।

सालसालै ऋण लिँदा यसको भार यति धेरै बढ्न जान्छ कि अहिले तीन खर्ब ऋण मात्रको सावाँ ब्याज तिर्ने दुई खर्ब भुक्तानी गर्नुपर्ने भएको छ । विकास निर्माणका लागि लिइएको ऋण रकम साँबा ब्याज तिर्नमै खचिनु अर्थतन्त्रका लागि कदापि राम्रो होइन । जेठसम्ममा भइसकेको चालु खर्च १० खर्ब १ अर्ब रहेको छ भने राजस्व संकलन ८ खर्ब ९२ अर्बमात्र संकलन हुन सकेको छ । यसरी चालु खर्चमै १ खर्ब ९ अर्ब नपुग भइरहेको सार्बजनिक भइरहेको तथ्यांकले देखाइरहेको छ ।यस्तो आर्थिक विषम स्थिति सिर्जना भएको प्रदेश सरकारहरूको गठन भएबाटै हो । सुरसा जत्रो मुख फैलाएको सांगठनिक स्वरूपले देशको साँघुरो घाँटीभित्र छिर्न सकिरहेको छैन प्रदेश संरचना । हाम्रा बूढापाकाले त्यसै भनेका छैनन् घाँटी हेरेर हाड निल्नु भनेर । समग्र संघीयता होइन यो प्रदेश सरकारहरू मात्र अर्घेलो भइरहेका छन् अहिले यस सम्बन्धमा सर्वत्र जनगुनासो व्यापक भइरहेको छ । दुई तहको संघीयता आर्थिक र अन्य दृष्टिकोणले पनि जन समुदायमा सहर्ष स्वीकार हुने देखिन्छ । माथि दर्शाइएको राजनीतिक खिचातानी, आर्थिक व्ययभार र काममा हुन जाने दोहरोपनालाई दृष्टिगत गरी यस बीचको प्रदेश तहलाई विश्राम दिएमा विकसका कामहरू सजिलै अगाडि बढ्ने थियो । राजनीतिक खिचातानी पनि कम भएर जाने थियो ।

*-इहिमालय टाइमस डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५


**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला । | **तुला** : प्रेममा मधुरता छाउनेछ । काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **वृष** : मनमा सहयोग भाव आउला । प्रेम सम्बन्धपनि कसिलो हुनेछ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । शान्ति र कान्ति छाउनेछ । |
| **मिथुन** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । | **धनु** : ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । धार्मिक यात्रा हुनसक्छ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । रतिरागपनि बढ्नेछ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। परिश्रमको उपलब्धि राम्रै पाइनेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ। दिनको उत्तरार्धमा खर्च बढ्नेछ । |
| **कन्या** : गरेको कार्यमा सफलता मिल्नेछ। वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । | **मीन** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। परिवारमा सुख सन्तोष छाउला । |

# नेपालमा पहिलो शोमै दर्शक छैनन्, विदेशमा नेपाली सिनेमाका हजारौं शो ?



चलचित्र विकास बोर्डले बक्सअफिस रिपोर्ट सार्वजनिक गर्न थालेपछि नेपाली सिनेमाले कति कलेक्सन गर्छन् भन्ने छर्लंग भयो । हप्तामै करोडौं रुपैयाँ कमाएको भनेर गरिने प्रचार झुटो साबित भइसकेको छ । नेपालको कमाइको वास्तविकता थाहा हुने भएपछि सिनेकर्मीले अर्को 'फन्डा' सुरु गरेका छन् । सिनेमा सुटिङमा नजाँदै विदेशको राइट्स सोल्डआउट भएको हल्ला चलाउन थालिएको छ । "राम्रो ब्यानरको सिनेमाको विदेश राइट्स बिक्री नै नहुने त होइन, तर अहिले नयाँ फन्डा भने पक्कै पनि नेपाली चलचित्र उद्योगमा देखिन थालेको छ," एक निर्देशकले बाह्रखरीसँग भने, "अधिकांश नेपाली सिनेमाको कलेक्सनको हैसियत बक्सअफिस रिपोर्ट सार्वजनिक हुन थालेसँगै स्पष्ट भएपछि अहिले नयाँ फन्डा आउन थालेको छ । विदेशमा सिनेमा बिक्री नहुँदै यहाँ बिक्री भएको हल्ला चलाउने गरेको देखिएको छ ।"

यति मात्र होइन, सुटिङ थाल्नुअघि नै नेपाली चलचित्र कुनकुन देशमा कतिकति शो चल्छ भनेर नेपालमा समाचार आइसक्छ । सिनेमाको हाइपका लागि यस्ता खालका हल्ला नियोजित रूपमा चलाउन केही व्यक्ति र समूह सक्रिय रहेको ती निर्देशक बताउँछन् । विदेशी बजारमा उच्च माग रहेको हल्ला गर्दै नेपालमा हाइप बनाएर चलचित्र चलाउने फन्डामा लाग्ने गरिएको ती निर्देशकको भनाइ छ । यही साउन १८ गते डार्क हर्स इन्टरटेनमेन्ट प्रालिले एक विज्ञप्ति जारी गऱ्यो । विज्ञप्तिमा 'अगस्त्य भाग-१' अमेरिकादेखि मिडल इस्टसम्मका देशमा कुनमा कति शो चलाइन्छ भन्नेबारे उल्लेख छ । नेपाली चलचित्र उद्योग संसारभर फैलँदै गएको पनि विज्ञप्तिमा उल्लेख छ । डार्क हर्सले आफ्नो सिनेमा किन्ने सेभेन सिज प्रालिले विदेशमा २५ सयभन्दा धेरै शो गर्ने जनाएको छ । उसका अनुसार अमेरिकामा ८०० देखि एक हजार, क्यानडामा १५०, युरोपका बाँकीसँगै जापान, कोरिया, अष्ट्रेलिया, न्युजिल्यान्ड, हङकङलगायत देशमा ७५० शो गरिनेछ । यो सिनेमाको ५५ प्रतिशत छायांकन हुनै बाँकी छ । निर्देशक मोहन राई विदेशमा सिनेमा कति शो चलाइन्छ भनेर अगाडि नै यकिन गर्न नसकिने बताउँछन् । "हुन त मैले डायस्पोरामा सिनेमा चलाएर यसको अनुभव सँगालेको छैन, तर सिनेमा कति चल्छ भनेर रिलिजअगाडि नै निश्चित गर्न सकिन्छ जस्तो भने लाग्दैन," उनी भन्छन्, "तर, डास्पोरामा नेपाली सिनेमाको माग हुनु र मन पराइनु आफैँमा राम्रो हो ।"

**_हालसम्म नेपाली सिनेमा नै रिलिज नगरिएका जापानका होक्काइदो नारा र नागोयाको मिडल्यान्ड स्क्वायर सिनेमामा १०० शो गरिने टुकी आर्ट्सले जनाएको थियो । युरोप, कोरिया, हङकङ, मलेसिया, भारतमा पनि सिनेमा रिलिज हुने निर्माण पक्षको विज्ञप्तिमा उल्लेख थियो । 'पशुपतिप्रसाद-२ : भष्मे डन'का निर्देशक दीपेन्द्र के खनाल कुन देशमा कति शो चलाइन्छ भनेर अगाडि नै भन्न नसकिने बताउँछन् । "कहाँ कति शो सिनेमा चल्छ भनेर त पहिला नै भन्न सकिन्न, तर त्यहाँका बक्सअफिस चेनमै चलचित्र रिलिज हुने हो भने रिलिजका लागि सुरुमा कति शो निकाल्न सकिन्छ, त्यो भने भन्न सकिन्छ ।" अधिकांश नेपाली चलचित्र नेपाली डायस्पोरामा कम्युनिटी हलहरूमा देखाइन्छ ।_**

केही समयअघि टुकी आर्ट्सले पनि आफ्नो सिनेमा 'पशुपतिप्रसाद-२ : भष्मे डन' विदेशमा कति शो रिलिज हुन्छ भन्नेबारे विज्ञप्ति निकालेको थियो । विज्ञप्तिअनुसार यो सिनेमा अमेरिकाको बक्सअफिस चेनमा नै रिलिज गरिनेछ । रेगल सिनेमा, सिने मार्क, रिडिङ सिनेमा, सिने पोलिस चेन हलमा यो सिनेमा रिलिज हुने टुकी आर्ट्सले जारी गरेको विज्ञप्तिमा उल्लेख थियो । यो सिनेमा अमेरिकामा अमेरिकाका माथि उल्लेखित चेन र अरू इन्डिपेन्डेन्ट हलमा हजारदेखि १२ सय शो, क्यानडामा १५०, बेलायतका सिने वर्ल्ड, भीयूई सिनेमा चेनमा ५००, अष्ट्रेलियाका चेनमा ५०० र मध्यपूर्वका विभिन्न हलमा ७०० शो लाग्ने विज्ञप्तिमा जनाइएको थियो । हालसम्म नेपाली सिनेमा नै रिलिज नगरिएका जापानका होक्काइदो नारा र नागोयाको मिडल्यान्ड स्क्वायर सिनेमामा १०० शो गरिने टुकी आर्ट्सले जनाएको थियो । युरोप, कोरिया, हङकङ, मलेसिया, भारतमा पनि सिनेमा रिलिज हुने निर्माण पक्षको विज्ञप्तिमा उल्लेख थियो । 'पशुपतिप्रसाद-२ : भष्मे डन'का निर्देशक दीपेन्द्र के खनाल कुन देशमा कति शो चलाइन्छ भनेर अगाडि नै भन्न नसकिने बताउँछन् । "कहाँ कति शो सिनेमा चल्छ भनेर त पहिला नै भन्न सकिन्न, तर त्यहाँका बक्सअफिस चेनमै चलचित्र रिलिज हुने हो भने रिलिजका लागि सुरुमा कति शो निकाल्न सकिन्छ, त्यो भने भन्न सकिन्छ ।" अधिकांश नेपाली चलचित्र नेपाली डायस्पोरामा कम्युनिटी हलहरूमा देखाइन्छ । त्यस्तो अवस्थामा भने शोको ग्यारेन्टी पहिला नै गर्न नसकिने दीपेन्द्रको भनाइ छ । "अरूको सन्दर्भमा त म भन्न सक्तिनँ, तर हाम्रो चलचित्र 'पशुपतिप्रसाद-२ : भष्मे डन' भने धेरै देशका बक्सअफिस चेनमै रिलिज हुने भएकाले रिलिजका लागि यति शो निकाल्दै छन् भनेर थाहा हुन्छ," दीपेन्द्र भन्छन्, "सुरुमा शो निकाल्ने कुरा र रिलिज भइसकेपछि सिनेमा चल्ने कुरा छुट्टै हो ।" केही वर्षयता महँगोमा आफ्नो सिनेमा बिक्री भएको, विदेशको राइट्स बिक्रीबाट आकर्षक पैसा आएको भनेर प्रचार गरिए पनि घटनाक्रमले त्यो पुष्टि गर्दैन । अधिकांश नयाँ निर्माता दोहोरिँदैनन्, यसको मुख्य कारण सिनेमा घाटामा जानु हो । ९० प्रतिशतभन्दा माथि निर्माता दोहोरिँदैनन्, कारण उनीहरूले बनाएका सिनेमाले लगानी उठाउन नसक्नु नै हो । नेपालमा भन्दा विदेशमा सिनेमा चलाउन कठिन रहेको निर्माता तथा कलाकार निर्मल शर्मा बताउँछन् ।

सिनेमाका लागि समय निकाल्न नै कठिन हुने गरेको उनी सुनाउँछन् । "विदेशमा नेपाली सिनेमा रिलिज गरेर चलाउन निकै कठिन हुने गरेको हामी आफैँले अनुभव गरेको कुरा हो । नेपाली सिनेमा हेर्ने नेपालीले नै हो । नेपाली कहाँ हुन्छ, सिनेमा कति टाढा प्रदर्शन हुन्छ, डेढ-दुई घण्टा ड्राइभ गरेर पुग्ने हो," निर्मल भन्छन्, "पहिलो कुरा टिकटको मूल्य महँगो हुन्छ । दोस्रो कुरा, समय निकाल्न कठिन छ । तेस्रो कुरा, घण्टा सिस्टममा काम गर्ने नेपालीलाई काम छोडेर त्यति टाढा सिनेमा हेर्न जाने कि नजाने भन्ने हुन्छ ।" सिनेमाको प्रोमोसनका लागि हल्ला बढी हुने गरेको निर्मलको टिप्पणी छ । यस्ता हल्लाले नेपाली सिनेमा क्षेत्रले नै विश्वसनीयता गुमाउँदै गएको उनी बताउँछन् । "यति सय शो चल्दै छ भनेर अगाडि भन्नुभन्दा पनि चलेपछि यति शो चल्यो भन्दा राम्रो हुन्थ्यो होला," उनी भन्छन्, "समाचार आउँदैमा कसैले पत्याउँछ भन्ने लाग्दैन । यहाँ पहिलो शो नै दर्शक नपाएर क्यान्सिल हुने गरेको धेरैलाई थाहा छ, भन्दैमा कसैले पत्याउँदैन ।"

***-बाह्रखरी डटकम***

# जताततै दयाहाङ : 'बरिष्ठ बलराम'मा पनि जोडिए



यतिबेला करिअरको उचाइँमा छन्, दयाहाङ राई । अघिल्लो वर्ष 'कबड्डी ४' र 'दुई नम्बरी' र यस वर्ष 'जारी'को सफलताले उनलाई नेपाली फिल्मकै सबैभन्दा ठूलो स्टारको रुपमा उभ्याएको छ । र, उनको नाम र अनुहारले नै फिल्म बिक्छ भन्ने विश्वास मेकरहरुमा देखिएको छ । यसैले अहिले उनलाई फिल्म अफरको बाढी नै छ । उनले पनि हप्ता-हप्तामै नयाँ फिल्म सम्झौता गरिरहेका छन् ।

केही दिनअघि मात्रै दयाहाङले फिल्म 'रङ्गेली ग्याङस्टर' सम्झौता गरेका थिए । यसलगत्तै उनी नयाँ फिल्म 'बरिष्ठ बलराम'मा पनि जोडिएका छन् । उनले एक हप्ताअघि फिल्म सम्झौता गरेर साइनिङ अमाउन्ट पनि बुझिसकेका छन् । दयाहाङले यो फिल्मलाई आगामी मंसिर महिनाको समय दिएको जानकारी प्राप्त छ । त्यसअघि उनले कम्तिमा तीनवटा फिल्मको छायांकन पूरा गर्नेछन् । सुरेन्द्र पौडेलको निर्देशनमा बन्न लागेको 'बरिष्ठ बलराम'मा खगेन्द्र लामिछाने, दिव्या रायमाझी, विजय बराल, बुद्धि तामाङको पनि अभिनय रहनेछ । दिव्याले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यू गर्न लागेकी हुन् । उनी अभिनेता दीलिप रायमाझीकी छोरी हुन् । अहिले अमेरिकामा रहेकी उनी यो फिल्मका लागि चाँडै नेपाल आउँदैछिन् । उनले १० लाख लिएर फिल्म गर्न लागेकी हुन् । रोहित अधिकारीले 'बरिष्ठ बलराम'को निर्माण गर्नेछन् । यसअघि दुईवटा फिल्म 'गाजलु' र 'छ माया छपक्कै'को निर्माण गरिसकेका उनी यसै वर्ष अभिनेता अनमोल केसीलाई लिएर फिल्म 'फर्की फर्की' पनि निर्माणको तयारीमा छन् । सम्भवतः आगामी दशैंपछि यो फिल्मको छायांकन हुनसक्छ । अर्को नयाँ फिल्मका लागि रोहितको दीपकराज गिरी समुहसँग सहकार्यको प्रयास भैरहेको छ ।

***-फिल्मी खबर डटकम***

# 'क्यामिनो'मा प्रदीपको जोडी आना



प्रदीप खड्काको शीर्ष भूमिका रहने फिल्म 'क्यामिनो'मा आना शर्मा जोडिएकी छन् । निर्देशक दीपक वलीले अभिनेत्री शर्मासँग फिल्मबारे मौखिक सहमति भएको र केही दिनमा लिखित सम्झौता हुने जानकारी दिए । यसअघि नीति शाहले फिल्म छाडेपछि निर्माताले नयाँ अभिनेत्रीको खोजी थालेका थिए । जसमा अभिनेता दिलीप रायमाझीकी छोरी दिव्या र आनासँग कुराकानी भएको थियो । तर आनालाई लिने सहमति जुटेको निर्देशक वलीले बताए ।

आनाले अब यो फिल्ममा प्रदीपको अपोजिटमा अभिनय गर्नेछिन् । यसबाहेक फिल्ममा रविन्द्र झा, प्रवीण खतिवडा, भोलाराज सापकोटा र विदेशी अभिनेता कार्लोस लगायत छन् । निर्देशक वलीले केही सातामा फिलिपिन्सबाट छायांकन सुरु हुने बताए । निर्माता र व्यानर हेरफेर हुँदा फिल्मको निर्माणमा ढिलाइ भएको थियो । यो फिल्मको निर्माणमा नयाँ कम्पनी एवान क्रिएसन जोडिएको छ । अमृतमान वली नयाँ निर्माताको रुपमा भित्रिएका छन् । 'अब दुई साताजतिमा सुटिङमा जाने तयारीमा छौं । मौसम र निर्माताको हेरफेर, नामसारीले ढिलाइ भयो,' दीपकले भने ।

उनका अनुसार फिलिपिन्समा ४५ दिन रहेर फिल्म छायांकन हुनेछ । त्यसपछि तिहारपछि बाँकी छायांकन नेपालमा गर्ने तयारी छ । हिंडेर अमेरिका जाने कथावस्तुमा फिल्म निर्माण हुन लागेको हो । निर्माताले दक्षिण अमेरिकी मुलुकको सेटिङमा फिल्मलाई फिलिपिन्समा छायांकन गर्न लागेका हुन् । आनाको कुरा गर्दा, उनी यतिबेला राजेश हमाल र अनुपविक्रम शाहीको अभिनय रहेको फिल्म 'मायाको माया'को सुटिङमा व्यस्त छिन् । ८० प्रतिशत छायांकन सकिएको यो फिल्मको बाँकी चरण मुस्ताङमा हुँदैछ ।

***-फिल्मी खबर डटकम***

# कोरोना महामारीपछि प्रज्ञा भवनमा पहिलो गाईजात्राको तयारी




कोरोना महामारी पछिको पहिलो गाईजात्रा प्रज्ञा भवन, कमलादीमा आयोजना हुने भएको छ । '८० सालको गाईजात्रा' नाम दिइएको यो कार्यक्रम भाद्र १३ गतेदेखि १८ गतेसम्म आयोजना हुनेछ । गाईजात्रा कार्यक्रमको आयोजक ब्राण्डवर्थ प्राली रहेको छ । मनोज गजुरेल, शैलेन्द्र सिंखडा, टीका भण्डारी, सुबोध गौतम, मेक्सम गौडेल, सुन्दर खनाल 'चिप्लेटी अंकल', सीता न्यौपाने, राधिका कंडेल, दीपक प्रसाद आचार्य 'काकु', प्रभात लामा, रुबिना अधिकारी लगायतका कलाकारहरुले '८० सालको गाईजात्र'मा दर्शकहरूलाई हँसाउनेछन् ।

जेसीस, लायन्स लगायतका संस्थाहरुसंगको सहकार्यमा ब्राण्डवर्थ प्रालीले उपत्यका बाहिर पनि '८० सालको गाईजात्रा' आयोजना गर्दै छ । विराटनगर, बर्दिबास, चन्द्रनिगाहपुर, सैनामैना, दाङमा कार्यक्रम हुने पक्का भईसकेको छ । साथै अन्य सहरमा पनि '८० सालको गाईजात्रा' आयोजना हुनेछ । कोरोना महामारीका दुईवटा वर्षमा पनि डिजिटल गाईजात्रा गरेर दर्शकलाई मनोरञ्जन र मोटिभेसन गरेको यस प्राली यस पटक पनि रंगमञ्च सँगसँगै टेलिभिजनमा पनि 'डिजिटल गाईजात्रा' प्रसारण गर्नेछ । ७ एपिसोडमा प्रसारण हुने 'डिजिटल गाईजात्रा'को पोस्ट प्रोडक्सन सकेर कलाकारहरु रंगमञ्चमा हुने '८० सालको गाईजात्रा'को रिहर्सलमा व्यस्त छन् ।

***-रातोपाटी डटकम***

# रामपुरलाई व्यवस्थित शहर निर्माणका लागि सम्भाव्यता अध्ययन



**पाल्पा,** साउन २३/रामपुर नगरपालिकालाई व्यवस्थित शहर निर्माणका लागि सम्भाव्यता अध्ययन अन्तर्गत योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी भएको छ । सम्भाव्यता अध्ययनको क्रममा सरोकारवालाहरुसँग राय तथा सुझाव संकलनका लागि सोमबार कार्यशाला गोष्ठी भएको हो ।

रामपुर नगरपालिकाको आयोजना र शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा कार्यशाला गोष्ठीको सहजीकरण परामर्शदाता ग्लोबल इन्फर्मेशन सर्भे एण्ड म्यापिङ्ग कन्सर्न प्रालिले गरेको थियो । कार्यशाला गोष्ठीमा छलफल पश्चात आनो धारणा राख्दै लुम्बिनी प्रदेशका सांसद राजुप्रसाद श्रेष्ठले दिर्घकालिन सोंचका साथ व्यवस्थित शहर निर्माणका लागि योजना बनाउनुपर्ने बताए । साथै उनले प्रदेश सरकारले कृषि क्षेत्रलाई जोड दिएको बताउँदै कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर व्यवस्थित शहर निर्माणको योजना अघि बढाउन जोड दिए । गोष्ठीमा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले रामपुर नगरपालिकालाई भविष्यमा कस्तो बनाउने र कसरी व्यवस्थित शहर बनाउने भन्ने जिम्मेवारी अहिले सबैको काँधमा आएको बताए । व्यवस्थित शहर निर्माण गरी रामपुरलाई नमुना शहरको रुपमा विकास गर्न सबैको सहयोग र समन्वय आवश्यक रहेको औँल्याए । नगरपालिकालाई सुन्दर र व्यवस्थित शहर बनाउन योजना बनाएर कार्यान्वयनका लागि सबै लाग्नुपर्ने बताए । रामपुर नगरपालिका प्राकृतिक र भौगोलिक हिसाबले अत्यन्तै सुन्दर रहेको भन्दै यहाँको संरचना र भुगोल नबिग्रोस् भन्ने सोँचका साथ अघि बढेको भन्दै यसका लागि सबैको प्रयास आवश्यक रहेको बताए ।

कार्यक्रममा ग्लोबल इन्फर्मेशन सर्भे एण्ड म्यापिङ एण्ड कन्सर्न प्रालिका योज्ञेन्द्रपूर्ण श्रेष्ठले व्यवस्थित शहर निर्माणका लागि नगरको भौगोलिक अवस्था, सडक, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग र व्यापार लगायतका विषयमा सहजीकरण गरेका थिए । साथै व्यवस्थित शहर निर्माणका लागि विगत ४ महिना देखिको सम्भाव्यता अध्ययनको प्रतिवेदन समेत प्रस्तुत गरेका थिए । कार्यशालामा नगर भित्रका विभिन्न स्थानलाई आवास, उद्योग, व्यापार, कृषि, पर्यटन, सडक, शिक्षा स्वास्थ्य लगायतको क्षेत्र निर्धारण गरिएको छ । रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रम लुम्बिनी प्रदेशका सांसद राजुप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यता र योजना शाखा प्रमुख विक्रम बस्नेतले कार्यक्रमको सञ्चालन गरेका थिए । नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको व्यवस्थित शहर निर्माण योजना अन्तर्गत रामपुर नगरपालिकालाई व्यवस्थित शहर निर्माण गर्न लागेको हो ।

## खेलकुद समाचार

### विश्वकपको क्वार्टरफाइनलमा पुग्ने सातौं राष्ट्र कोलम्बिया



**काठमाडौं,** साउन २३/नवौ महिला विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुग्ने सातौं राष्ट्र कोलम्बिया बनेको छ । कोलम्बियाले मंगलबार खेलिएको प्रिक्वार्टरफाइनल खेलमा जमैकालाई १–० गोलले हराउँदै अन्तिम आठमा स्थान पक्का गरेको हो ।

कोलम्बिया र जमैकाबीचको खेल निकै प्रतिस्पर्धात्मक थियो । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको उक्त खेलको ५१औं मिनेटमा कोलम्बियाले निर्णायक गोल गरेको थियो । कोलम्बियाका लागि क्याटालिना उस्मेले गोल गरेकी थिइन् । यसअघि आयोजक अस्ट्रेलिया, इङ्ल्यान्ड, स्विडेन, जापान, स्पेन र नेदरल्यान्ड्स प्रतियोगिताको क्वार्टरफाइनलमा पुगिसकेका छन् । अस्ट्रेलिया प्रिक्वार्टरफाइनल खेलमा डेनमार्कलाई २–० गोलले हराउँदै क्वार्टरफाइनलमा पुगेको हो । इङ्ल्यान्ड भने नाइजेरियालाई पेनाल्टी सुटआउटमा ४–२ गोलले हराउँदै क्वार्टरफाइनलमा पुगेको हो । यसैगरी प्रिक्वार्टरफाइनलमा स्विडेनले साविक विजेता अमेरिकालाई पेनाल्टी सुटआउटमा ५–४ गोलले हराएको थियो । प्रिक्वार्टरफाइनल चरणका अन्य खेलमा स्पेनले स्विट्जरल्यान्डलाई २–० र जापानले नर्वेलाई ३–१ गोलले हराएका थिए । नेदरल्यान्ड्सले भने दक्षिण अफ्रिकालाई २–० गोलले हराएको थियो । प्रतियोगिताको क्वार्टरफाइनलमा स्पेनले नेदरल्यान्ड्सको सामना गर्नेछ । जापानले भने क्वार्टरफाइनलमा स्विडेनलाई प्रतिद्वन्द्वीको रुपमा पाएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा लगातार गिरावट



**पाल्पा,** साउन २३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा यो साताको कारोबारमा लगातार गिरावट भइरहेको छ । साताको पहिलो दिनदेखि तेस्रो दिनसम्म पनि नेप्से परिसूचकमा गिरावट देखिएको हो ।

मंगलबारको कारोबारमा नेप्से परिसूचक २८ दशमलव ४० अंकले घटेर २८ दशमलव ४० अंकमा कायम भएको हो । नेप्से परिसूचक आइतबार ३८ दशमलव ३७ र सोमबार तीन दशमलव २१ अंकले घटेको थियो । विभिन्न कम्पनीका दुई सय ६५ कम्पनीको ४८ लाख ६० हजार सात सय ४१ कित्ता शेयर ७४ हजार दुई सय ५७ पटक खरिदबिक्री हुँदा रू एक अर्ब ७३ करोड ७० लाख १४ हजार पाँच सय बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक सय ९६ दशमलव ०१ र निर्जीवन बीमा समूहको उपसूचक एक सय १२ दशमलव २५ अंकले घटेको छ । बैंकिङ १३ दशमलव २५, विकास बैंक ६६ दशमलव ६८, वित्त ४८ दशमलव ०१, होटल तथा पर्यटन ८४ दशमलव ३६ र जलविद्युत समूह ३८ दशमलव ५२ अंकले घटेको छ । त्यस्तै, लगानी समूह शून्य दशमलव ५१, उत्पादन तथा प्रशोधन ७३ दशमलव ६१, लघुवित्त ६० दशमलव ९८, म्युचुअल फन्ड शून्य दशमलव १०, व्यापार ७७ दशमलव ३५ र अन्य समूह २६ दशमलव ७९ अंकले घटेको छ ।

स्वरोजगार लघुवित्त विकास बैंकको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने ग्लोबल आइएमई बैंक डिबेन्चर २०८०/८१ को शेयर मूल्य प्रतिकित्ता नौ प्रतिशतका दरले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आइएमइ लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रू १७ करोड ८९ लाख ३२ हजार दुई सय दुई बराबरको दुई लाख ९९ हजार पाँच सय ९७ कित्ता शेयर किनबेच भएको छ ।


## पाल्पा सबस्टेशन तथा प्रसारण लाईन आयोजनाको

## प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(मिति: २०८०/०४/२४)

लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण, काठमाडौं, ईमेल env.social@nea.org.np<br>फोन नम्बर:- ०१-४५३५८०० |
| प्रस्तावको व्यहोरा | प्रस्तावित पाल्पा सबस्टेशन तथा प्रसारण लाइन आयोजना लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकाको वडा नम्बर १मा प्रस्ताव गरिएको छ।<br>कुश्मा-न्यू बुटवल २२० के.भी. प्रसारण लाईन आयोजनाको Tower AP 57/0 र AP 57/1 को बीचबाट शुरु भई करिब ३५० मीटर दूरीमा प्रस्तावित पाल्पा जिल्लाको बगनासकाली गाउँपालिका, चिर्तुङ्गधाराको माडी फाँटमा Loop In Loop Out Arrangement मा आधारित २२०/१३२/३३/११ के.भी. को पाल्पा सवस्टेशन हुँदै सोही जिल्लामा करिब २८५ मीटर दूरीमा रहेको कालीगण्डकी-बुटवल १३२ के.भी. प्रसारण लाईन अन्तर्गत पर्ने Tower no. 029/1 र Tower no. 030 को बीचभाग सम्म जम्मा ६३५ मीटरको प्रसारण लाईन तथा सबस्टेशन आयोजना हो। प्रस्तावित यस सबस्टेशन मार्फत अन्य जिल्लाबाट ल्याइने विद्युत शक्तिलाई पाल्पा जिल्ला तथा आसपास क्षेत्रहरूमा बढ्दो विद्युतको मागलाई उपयुक्त ढंगले वितरण गरिनेछ। प्रस्तावित आयोजनाको लागि करिब ९.०४ हेक्टर जग्गा (सबस्टेशनको लागि स्थाई रुपमा ८.५९ हे. र RoW को लागि अस्थाइ रुपमा ०.४५ हे.) आवश्यक पर्नेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/ स्थानीय तह** | लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, बगनासकाली गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनप्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:-**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>पाल्पा सबस्टेशन तथा प्रसारण लाइन आयोजना<br>ईमेल: neamd@nea.org.np<br>नेपाल विद्युत प्राधिकरण |
| | ईन्जिनियरिङ्ग सेवा निर्देशनालय<br>वातावरण तथा सामाजिक अध्ययन विभाग<br>लाजिम्पाट, काठमाडौं<br>फोन नं.: ०१-४५२६७७२, ०१-४५३५८००<br>ईमेल: env.social@nea.org.np |



## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |


नव जनचेतना

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई